प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

कोशी प्रदेश, बिराटनगर

पत्र संख्या :-२०८२/०८३

चं.नं. :- १

मिति :-२०८२/०४/०१

**विषयः आर्थिक वर्ष २०८२/०८३ को बजेट कार्यान्वयन सम्बन्धमा।**

प्रिय सहकारीज्यू,

कोशी प्रदेश विनियोजन ऐन, २०८२ मिति २०८२/०३/२९ गतेका दिन माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण भई प्रदेश राजपत्रमा समेत प्रकाशित भईसकेको व्यहोरा यहाँलाई अवगत नै छ। उक्त ऐन अनुसार आर्थिक वर्ष २०८२/०८३ का लागि तहाँ वा अन्तर्गतका निकायहरुका लागि छुट्याइएको बजेट प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी तहाँबाट समयमै पूरा हुने विश्वास लिएको छु। विनियोजित बजेटको खर्चमा मितव्ययीता, प्रभावकारिता, दक्षता र वित्तीय अनुशासन कायम गर्दै बजेट निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न कोशी प्रदेश विनियोजन ऐन २०८२, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को अनिवार्य रुपमा परिपालना गर्नु/गराउनु हुनेछ भन्ने विश्वासका साथ कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (४) बमोजिम बजेट कार्यान्वयनका सम्बन्धमा मिति २०८२/०३/३२ को निर्णय (माननीय मन्त्रीस्तर) बमोजिम स्वीकृत यो मार्गदर्शन प्रेषित गरेको छु।

**तपसिलः**

**(क) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट**

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानिनेछ। कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ४ को उपदफा (२) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

प्रदेश सचिव

२. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ४ को उपदफा (३) बमोजिम कुनै निकायमा एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले **सम्वत् २०८२ साल कार्तिक मसान्तभित्र** विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई हासिल गर्नुपर्ने प्रतिफल तथा उपलब्धि सहित स्रोतगत बाँडफाँटको निर्णय गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टिका लागि प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुहुनेछ। उक्त समय अवधिभित्र बाँडफाँट हुन नसकेमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो **बजेट रोक्का गर्न वा रकमान्तर गरी अर्थ विविधमा बजेट सार्न सक्ने विषयलाई जानकारीमा राख्नुहुनेछ।**

३. यस मन्त्रालयबाट बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन जारी भए पश्चात्, जारी भएको ७ दिनभित्र तहाँ मन्त्रालय/सचिवालय/आयोग/ कार्यालयबाट सम्वन्धित कार्यालयमा बजेट कार्यान्वयन मार्गदर्शन पठाइसक्नुहुनेछ।

४. नेपाल सरकारवाट सशर्त, समपूरक र विशेष अनुदानमार्फत् हस्तान्तरण भएका र तहाँ मन्त्रालय अन्तर्गत समावेश गरिएका आयोजना/ कार्यक्रमको बजेट सम्बन्धित निकायमार्फत् कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ। सशर्त, समपूरक र विशेष अनुदानमा राखिएको रकम तोकिएका कार्यको लागि मात्र खर्च गर्नुपर्नेछ। नेपाल सरकारवाट प्राप्त सशर्त अनुदानमा संचालित हुने आयोजना वा कार्यान्वयनका लागि द्विविधा पर्न गएमा यस मन्त्रालय र सम्वन्धित संघीय मन्त्रालयसँग समन्वय गर्नुहुनेछ।

५. विपद्को अवस्था, प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय र विशेष अवस्थामा वाहेक पहिलो त्रैमासिक अवधिसम्म थप निकासा दिइने वा रकमान्तर गरिने छैन। विनियोजित बजेटको सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गर्नु/गराउनुहुनेछ।

६. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ४ को उपदफा १० बमोजिम प्रदेशका कुनै मन्त्रालय/ निकाय वा अन्तर्गतका कार्यालयको संघीय सशर्त, समपुरक र विशेष अनुदान बाहेकका स्वीकृत कार्यक्रम प्रदेशका अन्य मन्त्रालय/निकाय अन्तर्गतका कार्यालयहरुबाट कार्यान्वयन गराउनुपर्ने भएमा कार्यान्वयन गर्ने निकायको कार्यजिम्मेवारी, कामको प्रकृति, विज्ञता तथा कार्यक्षेत्रका आधारमा शुरु विनियोजन भएका मन्त्रालय/निकायका लेखा उत्तरदायी अधिकृतले कार्यान्वयन गराउनुपर्ने मन्त्रालय/निकायको सहमति प्राप्त गरी

प्रदेश सचिव

कार्यान्वयन गराउनुपर्ने मन्त्रालय/निकायको लेखा उत्तरदायी अधिकृतलाई २०८२ पौष मसान्तभित्र अख्तियारी दिई कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

७. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ४ को उपदफा ११ बमोजिम नेपाल सरकारबाट आर्थिक वर्षको बीचमा कुनै आयोजना/कार्यक्रम तोकी वा नतोकी थप निकासा प्राप्त भएमा सम्वन्धित विषयगत मन्त्रालयले बजेट बाँडफाट गर्ने निर्णय गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्ने व्यवस्था मिलाई कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

८. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २३ को उपदफा ३ बमोजिम विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट संचालन हुने कार्यक्रम खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र १५ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्नेछ।

९. स्थानीय तहमा हस्तान्तरण भएको सशर्त र समपूरक अनुदानको रकम खर्च नभई वचत भएमा त्यस्तो वचत रकम सम्वत् २०८३ असार मसान्तभित्र प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुहुनेछ।

१०. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ४ को उपदफा १३ बमोजिम प्रदेश सरकार अन्तर्गत स्थापना वा गठन भएका बोर्ड, समिति, प्रतिष्ठान, आयोग, परिषद् वा यस्तै प्रकृतिका अन्य सँस्थाले प्रदेश सरकारबाट प्राप्त जुनसुकै प्रकृतिको अनुदान खर्च गर्दै आएको भएमा आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा सात दिन अगावै भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्नेछ र सोहि आर्थिक वर्षभित्र खर्च हुन नसकी त्यस्तो खातामा बाँकी रहेको रकम प्रदेश लेखा नियन्त्रक कार्यालयको समन्वयमा प्रदेश सरकारलाई असार मसान्तभित्र फिर्ता गर्ने व्यवस्था मिलाउनुहुनेछ।

**(ख) आयोजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन**

११. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ७ को उपदफा (१) बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई प्रदेश

प्रदेश सचिव

सरकारको सम्बन्धित मन्त्रालयले त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नुहुनेछ।

१२. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ७ को उपदफा (३) बमोजिम प्रदेश सरकारको विषयगत मन्त्रालयको स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम स्थानीय तहमार्फत् कार्यान्वयन गराउन आवश्यक ठानेमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा सम्बन्धित मन्त्रालयले निर्णय गरी सशर्त अनुदानको रूपमा वित्तीय हस्तान्तरण गर्न सकिनेछ। **यसरी वित्तीय हस्तान्तरण गर्दा २०८२ साल पौष मसान्तभित्र** सम्बन्धित मन्त्रालयले हस्तान्तरणको निर्णय गरिसक्नुपर्नेछ।

१३. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ७ को उपदफा (४) बमोजिम स्थानीय तहको आयोजना तथा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत् कार्यान्वयन गर्ने निर्णय भएमा सम्बन्धित स्थानीय तहले प्रदेश सरकारका निकायको नाममा प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको विविध खातामा जम्मा हुने गरी निकासा दिनुपर्नेछ।

**(ग) बजेट निकासा तथा बजेट कार्यान्वयन**

१४. बजेट वक्तव्यको बुदाँ नं. २२५ बमोजिम आर्थिक वर्ष सुरु हुनु अगावै बजेट कार्यान्वयन कार्ययोजना मन्त्रालय तथा निकायबाट सम्वत् २०८२ असार मसान्तभित्रै स्वीकृत गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन भएको विश्वास लिएको छु। "प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८" को दफा २१ को उपदफा (५) र "प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३४ बमोजिम कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था सम्वत् २०८२ श्रावण मसान्तभित्र मिलाउनुहुनेछ।

१५. सार्वजनिक खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ अनुसार आयोजनाको तयारीका चरणहरु पूरा गरी बजेट विनियोजन भएका आयोजना/कार्यक्रमको त्रैमासिक विभाजन सहितको वार्षिक खरिद योजना स्वीकृत गर्नुहुनेछ।

१६. बजेट वक्तव्यको बुदाँ नं.२२६ बमोजिम मन्त्रालयहरुले बजेट तथा कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड संशोधन गर्नुपर्ने भए सम्वत् २०८२ श्रावण मसान्तभित्र र नयाँ तर्जुमा गर्नुपर्ने भए सम्वत् २०८२ कार्तिक मसान्तभित्र गरिसक्नुहुनेछ।

प्रदेश सचिव

१७. स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने सम्वन्धमा आवश्यक मापदण्ड, मार्गदर्शन, निर्देशिका र कार्यविधि स्वीकृत गरी सम्बन्धित स्थानीय तहमा सम्वत २०८२ श्रावण मसान्तभित्र नै उपलब्ध गराउने व्यवस्था मिलाउनुहुनेछ।

१८. विभिन्न कोषहरुको लागि रकम विनियोजन गरिएको भए कोष सञ्चालन सम्बन्धी कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुहुनेछ।

१९. स्वीकृत वार्षिक कार्यक्रममा परेका आयोजनाको तयारीका चरणहरु पूरा गरी कार्यक्रम/आयोजनाको त्रैमासिक विभाजन सहितको वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान तयार गरी २०८२ **असोज मसान्तभित्र ठेक्का व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य शुरु गरिसक्नुहुनेछ।**

२०. **बहुवर्षीय स्रोत सहमति दिइएका आयोजना सहमति प्राप्त मितिले नौ महिनाभित्र ठेक्का सम्झौता नभएमा त्यस्तो स्रोत सहमति स्वतः खारेज हुने भएकाले उल्लेखित अवधिमा ठेक्का सम्झौता हुने व्यवस्था गर्नुहुनेछ।**

२१. स्वीकृत बजेट तथा कार्यक्रमका कुनै आयोजना क्रियाकलापमा दोहोरोपना पर्न गएको भए एउटा आयोजना क्रियाकलाप मात्र कार्यान्वयन गर्नु/गराउनुहुनेछ। दोहोरोपना परेको अर्को क्रियाकलापमा विनियोजित बजेट स्वतः रोक्का भएको मानिनेछ।

२२. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ४ को उपदफा (७) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको आयोजना/ कार्यक्रमको नाम वा ठेगानामा भएको सामान्य त्रुटी संशोधन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तह वा वडा कार्यालय र सम्बन्धित कार्यालयको सिफारिसमा कार्यक्रमको लक्ष्य, उद्देश्य र विनियोजित बजेटमा फरक नपर्ने गरी कार्यक्रम कार्यान्वयन गर्न तहाँ मन्त्रालयबाट निर्णय गरी यस मन्त्रालयमा अनुरोध गर्नुहुनेछ।

२३. सबै खर्च व्यवस्थापनका प्रक्रियालाई विधिसम्मत बनाई **शुन्य बेरुजु** कायम हुने गरी बजेटको प्रभावकारी कार्यान्वयन र अनुशासन कायम गर्नु गराउनुहुनेछ। बेरुजु फस्यौंट कार्यलाई प्राथमिकतामा राख्नुहुनेछ। बेरुजु फस्यौंटको कार्य स्थायी दरबन्दी भित्रका जनशक्तिबाट सम्पन्न गराउनु हुनेछ र सो कार्यका लागि करारमा थप जनशक्ति लिनुहुने छैन।

प्रदेश सचिव

२४. कार्यक्रम/आयोजना कार्यान्वयनका लागि मन्त्रालय/निकायले विभागीय प्रमुख र आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी सो अनुरुपका क्रियाकलापलाई निश्चित भार दिई वस्तुनिष्ठ आधारमा कार्यसम्पानदनस्तर मापन गरी पुरस्कार र सजायको व्यवस्था मिलाउनु हुनेछ।

२५. तोकिएको गुणस्तर, समय र कार्ययोजना अनुरूप कार्यसम्पादन नगर्ने निर्माण व्यवसायीलाई प्रचलित कानुन बमोजिम कारवाही गर्ने व्यवस्था मिलाउनु हुनेछ। निर्धारित समय, लागत र परिमाणमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई परिणाम प्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु/गराउनु हुनेछ।

२६. आयोजना कार्यान्वयनमा ल्याउनु अघि प्रचलित कानूनमा तोकिए बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरू प्रचलित कानूनमा तोकिएको न्यूनतम समयसीमा भित्र सम्पन्न गर्नुहुनेछ। सडक निर्माणको लागि बोलपत्र आव्हान गर्दा खानेपानी तथा ढल, विजुलीको पोल/तार व्यवस्थापन वा भूमिगत गर्ने समेतको काम एउटै प्याकेजमा समावेश गरी कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

२७. **तहाँ मन्त्रालय/निकाय/कार्यालय/अन्तर्गत निर्माण कार्य प्रारम्भ भएको लामो समयदेखि अधुरा रहेका बहुवर्षीय स्रोत सहमति प्राप्त आयोजनाको कार्यप्रगतिको मूल्याङ्कन सहितको लगत तयार पारी ती आयोजना अधुरा रहनुको कारण पहिचान गर्दै समाधानका विकल्प समेत उल्लेख गरी सम्वत् २०८२ कार्तिक मसान्तसम्ममा आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगमा विवरण पेस गर्नहुनेछ।**

२८. आयोजनाको लागत अनुमान र परामर्श सेवाभित्र **सवारी साधन खरिद र वैदेशिक भ्रमण** समावेश गर्नुहुने छैन।

२९. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ४ को उपदफा (९) बमोजिम प्रदेश स्रोतबाट सञ्चालन हुने गरी विनियोजन भएको कुनै आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भईसकेपछि **बचत हुने रकमको पुनः ठेक्का लगाउन पाइने छैन।** यसरी बचत हुने रकम सम्बन्धित निकायले तालुक मन्त्रालय मार्फत बजेट समर्पण गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३०. अनुदान सहायता र मागमा आधारित कार्यक्रममा विनियोजन भएको रकम कार्यविधि, मापदण्ड स्वीकृत गराएर मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ। उल्लेखित कार्य

प्रदेश सचिव

गर्दा खुलारुपमा सूचना आह्वान गरी प्रस्ताव माग गरी लाभग्राही छनौट गर्ने व्यवस्था मिलाउनुहुनेछ।

३१. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०८१ अनुसार मालसामान तथा वस्तु खरिद गर्ने व्यवस्था मिलाउनुहुनेछ ।

**(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन**

३२. स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृत वा संशोधन नगर्ने/नगराउने व्यवस्था पालना गर्नु/गराउनु हुनेछ। **स्रोतको सुनिश्चितता नभई शुरु गरिएका कुनै पनि खरिद प्रक्रियावाट सिर्जित हुने दायित्वका लागि यस मन्त्रालयबाट बजेट निकासा वा रकमान्तर गरिने छैन।**

३३. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्रोत सुनिश्चितता वा सहमति विना थप आर्थिक दायित्व सिर्जना गर्नुहुने छैन। **यस्तो प्रकृतिका कार्य भएमा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व ऐन, २०७८ को दफा ५९ को उपदफा ५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन, २०८१) को दफा ८ को उपदफा (१) समेत बमोजिम हुने व्यहोरा जानकारी राख्नुहुनेछ/गराउनुहुनेछ।**

३४. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ५ को उपदफा २ (च) बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति प्राप्त गरेको बहुवर्षीय आयोजना वा कार्यक्रममा विनियोजित रकम सम्वत् २०८३ वैशाख मसान्त अगाडि रकमान्तर गरी घटाउनु हुनेछैन।

३५. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ५ को उपदफा ६ बमोजिम तलव, भत्ता जस्ता अनिवार्य दायित्व व्यवस्थापन, बहुवर्षीय आयोजना वा कार्यक्रमको दायित्व व्यवस्थापन, विपद् र महामारीको अवस्थामा बाहेक **२०८३ जेठ २० गते पश्चात् रकमान्तर वा स्रोतान्तर प्रस्ताव गर्नुहुने छैन।**

३६. पूँजीगत खर्चतर्फ विनियोजन भएको रकम चालु खर्चमा र पूँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर प्रस्ताव गर्नुहुने छैन।

३७. विषयगत मन्त्रालय/निकायले स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा विनियोजित बजेट रोक्का राखेको स्वघोषणा गरी रकमान्तर प्रस्ताव गर्नुहुनेछ।

प्रदेश सचिव

३८. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ५ को उपदफा (२) को खण्ड (घ) बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति प्राप्त गरेको बहुवर्षीय आयोजना/कार्यक्रममा विनियोजन गरिएको रकम अन्य बहुवर्षीय आयोजना/कार्यक्रम बाहेक अन्यत्र रकमान्तर प्रस्ताव गर्नुहुने छैन।

३९. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ५ को उपदफा (२) को खण्ड (ङ) बमोजिम एकपटक रकमान्तर घटाई सकिएको आयोजना/कार्यक्रममा पुनः रकमान्तर गरी बजेट थप गर्न प्रस्ताव गर्नुहुने छैन।

४०. कुनै क्रियाकलापमा निकासा वा रकमान्तरबाट थप भएको रकम पुनः अन्य क्रियाकलापमा सार्न वा रकमान्तर गर्न नपाउने व्यवस्थाको पालना गर्नुहुनेछ।

४१. कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ५ को उपदफा (२) को खण्ड (ग) बमोजिम तलब, भत्ता जस्ता अनिवार्य दायित्व र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति प्राप्त गरेको बहुवर्षीय आयोजना/कार्यक्रम बाहेक **सम्बन्धित आयोजना/कार्यक्रमको सुरु विनियोजन रकमको शत प्रतिशत भन्दा बढी रकमान्तर थप गर्न नमिल्ने** व्यवस्थाको पालना गर्नुहुनेछ।

४२. स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्नुअघि रकमान्तर, स्रोतान्तर, थप निकासा वा कार्यक्रम संशोधन गर्नुपरेमा प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पूरा गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट स्वीकृत भएपछि मात्र कार्यक्रम कार्यान्वयनको प्रक्रिया अगाडि बढाउनुहुनेछ।

४३. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र घर भाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी मितव्ययी रुपमा खर्च व्यवस्थापन गर्नु/गराउनुहुनेछ। सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी गर्नु हुनेछ। नेपाल सरकार, अर्थ मन्त्रालयबाट निर्धारण भएको तलब स्केल अनुसार भुक्तानी खर्च लेख्नुहुनेछ। स्वीकृत दरबन्दीमा रहेर मात्र सेवा करारका कर्मचारीहरुको व्यवस्थापन गर्नुहुनेछ।

४४. **विनियोजित बजेटबाट स्वीकृत दरबन्दीमा रहेका कर्मचारीहरुको लागि महँगी भत्ता वापतको रकम उपलब्ध गराउँदा वृद्धि भएकै दरमा नियमवमोजिम भुक्तानी हुने व्यवस्था मिलाउनुहुनेछ।**

प्रदेश सचिव

४५. स्वीकृत दरबन्दीमा रहेका करारका कर्मचारीहरुको लागि सामाजिक सुरक्षा कोषमा कट्टी दाखिला गर्ने प्रयोजनको लागि विनियोजन भएको रकमको सम्बन्धमा यस मन्त्रालयबाट परिपत्र नभएसम्म खर्च गर्नुहुने छैन ।

४६. निर्माण स्थलको व्यवस्था, निर्माणस्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता तथा मुआब्जाका लागि स्रोतको व्यवस्थापन नभई र प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई सुरु गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट थप निकासा, रकमान्तर र स्रोतान्तर नगरिने विषयलाई जानकारीमा राख्नुहुनेछ।

४७. सरकारी कार्यालयहरुलाई भवन आवश्यक भएमा सम्भव भएसम्म खाली भएका सरकारी भवनलाई प्राथमिकताका साथ प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ। सरकारी भवन व्यवस्था हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिई न्यूनतम आवश्यकता र सुविधा भएको अन्य स्थानमा घर बहालमा लिने व्यवस्था मिलाउनु हुनेछ।

४८. कार्यालयमा भएका फर्निचर तथा अन्य सामाग्री मर्मत, सम्भार गरी प्रयोग गर्नुहुनेछ र काम नलाग्ने फर्निचर, मेशिनरी औजारहरु र अन्य सामाग्रीहरु लिलाम विक्री अनिवार्य रुपमा गर्नुहुनेछ। नयाँ स्थापना भएको कार्यालय र अति आवश्यक बाहेक थप फर्निचर तथा फिक्चर्स, मेशिनरी औजार खरिद नगर्ने नीति अबलम्बन गर्नुहुनेछ।

४९. सवारी साधन खरिदका लागि स्वीकृत खर्च क्रियाकलाप कार्यान्वयन गर्दा विनियोजित बजेटको सीमाभित्र रही गर्नुहुनेछ। सवारी साधनका लागि विनियोजन भएको खर्च क्रियाकलापमा रकमान्तर थप नगरिने व्यहोरा जानकारीमा राख्नुहुनेछ।

५०. नगद कारोवार गर्दा हुन सक्ने जोखिम कम गर्न निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवाप्रदायक र परामर्शदाताको अनिवार्य रुपमा सम्बन्धित बैंक खातामा विद्युतीय प्रणालीमार्फत् भुक्तानी (EFT) गर्ने व्यवस्था मिलाउनु हुनेछ। तलब, भत्ता, औषधि उपचार, उपदान, सञ्चित विदा र सामाजिक सुरक्षा भत्ता लगायतका सबै प्रकारका भुक्तानीहरु सोझै बैंक खातामा विद्युतीय प्रणालीमार्फत भुक्तानी (EFT) गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५१. प्रदेश अन्तर्गत विभिन्न जिल्ला तथा स्थानीय स्तरमा हुने तालिम, गोष्ठी, अन्तरक्रिया आदि कार्यक्रम सञ्चालन गर्दा विषयसँग सम्बन्धित संघीय निकाय, प्रदेशका मन्त्रालय तथा स्थानीय

प्रदेश सचिव

तहसँगको समन्वयमा दोहोरो नपर्ने गरी एकीकृत रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनु हुनेछ। कार्यक्रम सञ्चालन गर्दा विशिष्ट पदाधिकारी सहभागी हुने भई औचित्य पुष्टि हुने अवस्था वाहेकमा सरकारी निकायकै सभाहल अनिवार्य रुपमा प्रयोग गर्ने व्यवस्था मिलाउनुहुनेछ।

५२. कार्यालयमा रहेका जनशक्तिको अधिकतम उपयोग गरी कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ। बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्नु हुनेछ।

५३. वैदेशिक भ्रमण गर्दा नेपाल सरकारबाट स्वीकृत वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिकाको अधिनमा रही मितव्ययीता कायम गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति लिनुहुनेछ।

५४. भवन निर्माणका लागि विनियोजन भएको बजेट क्रियाकलाप कार्यन्वयन गर्दा भवन रहने जग्गा व्यक्तिगत वा निजी स्वामित्वको नहुने व्यवस्था मिलाउनुहुनेछ।

५५. आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा प्रदेश मन्त्रिपरिषद्‌मा प्रस्ताव पेश गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति लिने प्रावधानको पालना गर्नुहुनेछ। यसरी पूर्व सहमति माग गर्दा प्रदेश सञ्चित कोषको अवस्था, मागको औचित्य र मितव्ययीताको पक्षलाई समेत ध्यान दिनुहुनेछ।

५६. मुलुकमा बिपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व संकलन हुन नसकेमा र प्रदेश सरकारले संघबाट पाउनु पर्ने वित्तीय समानीकरण अनुदान प्राप्त गर्न नसकेमा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७८ को दफा २३ बमोजिम प्रदेश सञ्चित कोषको अवस्था अनुसार स्वीकृत बजेटमा मन्त्रालयले आवश्यक रोक्का वा नियन्त्रण गर्न सक्नेछ। यस सम्बन्धमा मन्त्रालयबाट गरिने परिपत्रको पालना गर्नुहुनेछ।

५७. संघ सशर्त, समपूरक र विशेष अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रमको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा चौमासिक रुपमा प्राप्त हुने हुँदा खर्चको विवरण मासिक र प्रगति प्रतिवेदन चौमासिक रुपमा कुनै विद्युतीय प्रणाली भए सोमा, प्रदेश लेखा नियन्त्रक कार्यालय र यस मन्त्रालयमा पठाउनुहुनेछ।

प्रदेश सचिव

५८. वार्षिक आर्थिक विवरण "प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९" को नियम ७४ बमोजिम आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा ईकाई कार्यालयमा पेश गर्ने व्यवस्था मिलाउनु हुनेछ।

**(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था**

५९. आयोजना/कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत, उपलब्धि सूचक र जिम्मेवार कर्मचारी सहितको बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को अनुसूची-१२ को ढाँचामा स्वीकृत गरी सम्बन्धित मन्त्रालयको वेबसाइटमार्फत् सार्वजनिक गर्नुहुनेछ।

६०. सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ को दफा २५ (३) अनुसार तलब भत्ता, पारिश्रमिक, विजुली टेलिफोन जस्ता अनिवार्य खर्च बाहेक रु. ५० हजार भन्दा माथिको खर्च बिल भुक्तानी गर्नुअघि वेबसाइट वा सूचना पाटीमा टाँस गरी सार्वजनिक गरेर मात्र भुक्तानी दिने व्यवस्था मिलाउनुहुनेछ। सरकारी खर्चमा शुभकामना सन्देश वा कार्ड प्रकाशन वा प्रसारण गर्नुहुने छैन।

६१. कार्यक्रम गोष्ठी तालिम लगायतको खर्च गर्दा कर्मचारीलाई पेश्की दिने कार्यलाई निरुत्साहित गर्दै भुक्तानी दिनुपर्ने सम्बन्धित व्यक्ति, संस्था वा व्यवसायीको बैंक खाता मार्फत भुक्तानी दिने व्यवस्था मिलाउनुहुनेछ। नियमित प्रकृतिका कामवाट सिर्जना हुने दायित्वको भुक्तानी नियमित खर्च शीर्षक/क्रियाकलापबाट गर्नुहुनेछ। कार्यक्रममा राखी खर्च गर्नुहुने छैन।

६२. साधारण प्रकृतिका गोष्ठी/बैठक/छलफल गर्नुपर्दा समय र खर्च मितव्ययी हुनेगरी अनलाईन वा भर्च्युअल माध्यमबाट गर्ने व्यवस्था मिलाउनुहुनेछ।

६३. बोलपत्र आह्वान वा अन्य सूचना प्रकाशन गर्दा थोरै विषयमात्र पत्रपत्रिकामा प्रकाशन गर्ने र विस्तृत विवरण वेबसाइट वा अन्य विद्युतीय माध्यमबाट हेर्न सकिने गरी प्रकाशन गर्ने व्यवस्था मिलाउनुहुनेछ।

६४. पदाधिकारी तथा कर्मचारीलाई प्रचलित कानून तथा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ मा तोकिए बमोजिम मात्र सवारी साधन, इन्धन, सञ्चार, अतिथिसत्कार लगायतको सुविधा उपलब्ध गराउनुहुनेछ। तोकिएको मापदण्ड भन्दा बढी र दोहोरो हुने गरी इन्धन तथा अन्य सुविधा दिनुहुने छैन। विविध खर्चलाई मापदण्डमा आधारित बनाएर मात्र खर्च गर्नु/गराउनुहुनेछ।

६५. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५८ को व्यवस्था अनुसार प्रचलित कानून बमोजिम सम्बन्धित कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था मिलाउनुहुनेछ।

६६. अनुगमन तथा भ्रमण कार्यलाई व्यवस्थित गर्नुहुनेछ। अनुगमन तथा भ्रमणले वार्षिक विकास कार्यक्रमको कार्यान्वयन तथा प्रदेशको समग्र सुशासन, विकास र सेवा प्रवाहमा योगदान पुगेको वा पुग्ने विषय समेतलाई विचार गरी आवश्यकता र औचित्यका आधारमा मात्र अनुगमन तथा भ्रमण खर्च प्रदान गर्ने/गराउने व्यवस्था मिलाउनुहुनेछ।

६७. सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार गर्नुपर्ने प्रकाशन, सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण नियमित रुपमा गर्ने, गराउने व्यवस्था मिलाउनु हुनेछ।

६८. प्रदेश सरकारबाट स्वीकृत सार्वजनिक खर्चको मापदण्ड, मितव्ययिता सम्बन्धी निर्देशिकाको कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ। प्रचलित कानूनमा तोकिएका समिति, कार्यदलको बैठकका लागि मात्र बैठक भत्ता प्रदान गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ। बैठक भत्ता प्रदान गर्दा सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ को दफा ३ को उपदफा १(ख) बमोजिम विद्युतीय हाजिरी अभिलेख रहेको यकिन गर्नुहुनेछ।

६९. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३९ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगको प्रतिनिधिलाई समेत आमन्त्रण गरी त्रैमासिक एवम् वार्षिक प्रगति समीक्षा गर्नुहुनेछ।

७०. संवैधानिक निकायबाट समय समयमा जारी भएका सुझाव तथा मार्गदर्शन समेतलाई कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउनुहुनेछ।

७१. प्रस्तुत मार्गदर्शनमा उल्लेखित व्यवस्थाको पालनाको सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा त्रैमासिक रुपमा प्रगति प्रतिवेदन पेस गर्नुहुनेछ। तहाँ मन्त्रालय/निकाय/कार्यालयको बजेट कार्यान्वयनको स्थिति र प्रस्तुत बजेट कार्यान्वयन मार्गदर्शन अनुरुप कार्य भए नभएको सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले अनुगमन गर्न सक्ने विषयलाई जानकारीमा राख्नुहुनेछ।

प्रदेश सचिव

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## कोशी प्रदेश, बिराटनगर

प्रदेशको आर्थिक कार्य प्रणालीलाई विधिसम्मत, अनुशासित, मितव्ययी र परिणाममुखी बनाउन सदा झैं सहयोगको अपेक्षा गरेको छु। आर्थिक वर्ष २०८२/८३ को बजेटसँग सम्बन्धित प्रकाशनहरू यस मन्त्रालयको Website:moeap.koshi.gov.np मा हेर्न र डाउनलोड गर्न सकिने व्यहोरा समेत अवगत गराउँदछु।

श्री प्रदेश लोक सेवा आयोग,
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
श्री उद्योग, कृषि तथा सहकारी मन्त्रालय,
श्री खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय,
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
श्री पर्यटन, वन तथा वातावरण मन्त्रालय,
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
श्री सामाजिक विकास मन्त्रालय,
श्री स्वास्थ्य मन्त्रालय,
श्री प्रदेश योजना आयोग, कोशी प्रदेश विराटनगर।

०८२।४।१९
(शंकर नेपाल)
प्रदेश सचिव

**संलग्नः**

क) कोशी प्रदेश विनियोजन ऐन, २०८२ - १ प्रति

**बोधार्थः**

श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाण्डौं।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बिराटनगर
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, सबै महाशाखाहरू।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर